नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

हरिहरभवन, ललितपुर

## प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र लगायत यस मातहतका कार्यालय अन्तर्गत बिरुवा , बिरुवाजन्य लगायतका उपजहरुको निकासी र पैठारीको कानूनी प्रकृया:

**निकासी र पैठारीको प्रयोजन-** व्यवसायिक र अनुसन्धान

**पैठारी र निकासी गर्न सकिने वस्तुहरु:** बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल ऐजेण्ट, लाभदायिक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि।

बिरुवा- बिरुवा भन्नाले जीवित वा मृत वनस्पति वा त्यसको कुनै भाग सम्झनु पर्छ र सो शब्दले वनस्पतिको डाँठ,हाँगा, गाँठ,कलमी, बोक्रा, जरा,पात,फल,बीउ र जर्मप्लाज्म समेतलाई जनाउँछ।

**बिरुवाजन्य उपज-** बिरुवाजन्य उपज भन्नाले उपयोगको लागि तयार भइनसकेको बिरुवाजन्य सामाग्री (दाना समेत) वा उपयोगको लागि तयार भइसकेको तर प्रशोधनको प्रकृति वा अन्य कुनै कारणले शत्रुजीव प्रवेश गराउन वा फैलाउन सक्ने बिरुवाजन्य सामाग्री सम्झनु पर्दछ।

**नियमन गरिने अन्य वस्तुहरु:**

वस्तु आयातको जोखिम विश्लेषण एवं त्यस्तो वस्तुका संभावित क्वारेन्टाइन शत्रुजीहरुको जोखिम विश्लेषणले पहिचान गरेका अतिरिक्त बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन,२०६४ को परिभाषा भित्र पर्ने देहायका वस्तुहरु:

१) भण्डारण सुविधाहरु र सामग्रीहरु,
२) प्याकेजिङ्गका सामाग्रीहरु,
३) पारबहन तथा ढुवानीका साधनहरु ,
४) माटो, प्रांगारिक पदार्थ (मल) तथा यस सम्बन्धित सामानहरु,
५) शत्रुजीव रहन सक्ने वा फैलाउन सक्ने जीवहरु,
६) संक्रमण सम्भावित सामाग्री/यन्त्रहरु (कृषि यन्त्रहरु, डोजर आदि) ,
७) अनुसन्धान वा अन्य वैज्ञानिक सामाग्रीहरु,
८) अन्तर्राष्ट्रिय रुपमा ओसारपसार गरिएका यात्रुका सम्बन्धित सामाग्रीहरु,
९) सअन्तर्राष्ट्रिय चिट्ठीपत्र, कुरियर आदि,
१०) शत्रुजीव तथा जैविक नियन्त्रण विधिका सामाग्रीहरु।

## बिरुवा तथा बिरुवाजन्य उपजहरुको निकासीको कानूनी प्रकृया ( For Export)

| क.सं. | क्रियाकलापहरु |
|---|---|
| १ | बिरुवा, बिरुवाजन्य उपज लगायतका वस्तुहरु निकासी गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW) मार्फत LPCO ९०८ मोड्यूलमा निम्न वमोजिमका कागजातहरु संलग्न गरी अनलाईन आवेदन दिनुपर्नेछ। |
| १.१ | मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को अनुसूची ५ख बमोजिमको निकासी गरिने वस्तुको बिल बिजक (प्रोफमा इन्भोइस) (वैज्ञानिक नाम सहित)। |
| १.२ | निकासी गरिने उपजको राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला वा त्यस्तै अन्य सरकारी प्रयोगशालाको पहिचान प्रतिवेदन। |
| १.३ | उत्पत्तिको प्रमाणपत्र (certificate of origin) सँगै Exported Product Traceability Tracking गर्न निर्यात हुने वस्तुहरु उत्पादन गर्ने कृषि-वन पैदावरको उत्पादन स्थल, उत्पादक, संकलक र कृषि-वन उपभोक्ता समूहको नाम, सम्भव भएसम्म GPS लोकेसन सहितको ठेगाना र वन पैदावारको हकमा त्यस्ता वस्तुको संकलन पुर्जी प्राप्त गर्ने व्यक्तिको सम्पर्क सूत्र समेत विवरण खुल्ने गरी भरिएको अनुसूची १ र २ को फाराम वा फाराम प्रतिवेदन। |
| १.४ | आयातकर्ता देशको पैठारीका शर्तहरु (त्यस्तो शर्तमा स्वस्थताको प्रमाणपत्रमार्फत कुनै शत्रुजीवको Additional Declaration of Freedom उपलव्ध गराउनुपर्ने भएमा त्यस्ता रोग कीराको सर्भे प्रोटोकल, सर्भे प्लान तथा सर्भे रीपोर्ट)। उल्लेखित रिपोर्ट उपलव्ध भएपश्चात क्वारेन्टाइन निरीक्षकले तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गरिएको निरिक्षण चेकलिष्ट। |
| १.५ | सिफारीस पत्र |
| | • पुरातात्क महत्वका वस्तुको हकमा- नेपाल सरकारको सम्बन्धित निकायको सिफारीस पत्र।<br>• वनसम्वन्धि वस्तुहरुको हकमा- नेपाल सरकारको सम्बन्धित निकायको प्लान्ट क्वारेन्टाइन निकायलाई लेखिएको निकासीको सिफारीस पत्र।<br>• अनुसन्धान सामाग्रीको हकमा - सम्बन्धित देशको अनुसन्धान संस्थाले सामाग्री भित्र्याउन दिएको अनुमति वा सम्झौता पत्र ।<br>• अनुसन्धानको लागि निर्यात हुने अनुवांशिक श्रोत **(Germplasm)** वस्तुको हकमा -**Germplasm Exchange Authority Committee** को सिफारीस।<br>• बीउ बिजनको हकमा- बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको निर्यात सिफारीस पत्र। |
| | नेपाल राष्ट्रिय एकद्वार प्रणाली **(NNSW)** मार्फत माथि उल्लेखित वमोजिम केन्द्र वा केन्द्र मातहतका क्वारेन्टाइन कार्यालयहरुमा निवेदन प्राप्त भएमा प्राप्त कागजात र निकासी गरिने वस्तुको नमूना आवश्यक जाँचबुझ र परिक्षण गर्दा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त देखेमा अनलाइन प्रणालीद्वारा बिरुवा स्वस्थता प्रमाणपत्र उपलब्ध गराईने छ। तर यदि जाँचबुझ र परिक्षण गर्दा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त नदेखिएमा निवेदन गरेको सात दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई गराईने छ।<br>नोट-जारी भइसकेको स्वस्थता प्रमाणपत्रमा शंशोधन हुने छैन। |

## बिरुवा तथा बिरुवाजन्य उपजहरुको पैठारीको कानूनी प्रकृया (For Import)

| | |
|---|---|
| १ | बिरुवा, बिरुवाजन्य उपज लगायतका वस्तुहरु पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW)मार्फत LPCO ९०७ मोड्यूलमा निम्न वमोजिमका कागजातहरु संलग्न गरी अनलाईन आवेदन दिनुपर्नेछ। |
| १.१ | **प्रोफमा इन्भोइस (वैज्ञानिक नाम सहित)।** |
| १.२ | नयाँ वस्तु, नयाँ निर्यातक मुलुक र नयाँ आयातकर्ताहरुको हकमा शत्रुजीव जोखिम विश्लेषण गर्नुपर्ने वा नपर्ने भनि निर्णय लिइदिन Product Risk Assessment फाराम भरि केन्द्रमा पेश भइआएको र केन्द्रले शत्रुजीव जोखिम विश्लेषण गर्नुपर्ने देखेको अवस्थामा फाराम २ भरिएको तथ्यांक उपलव्ध गराउन सम्बन्धित आयातकर्तालाई आदेश गर्नेछ। सम्बन्धित आयातकर्ताले फाराम २ भरि पेश गर्न नसक्ने अवस्थामा फाराम ३ भर्नको लागि सुचिकृत विज्ञहरुको नाम प्रस्ताव गरि विज्ञको TOR उपलव्ध गराइदिन केन्द्रमा निवेदन दिन सक्नेछ र केन्द्रबाट उपलव्ध गराइएको TOR का आधारमा शत्रुजीव जोखिम विश्लेषण गरिएको प्रतिवेदन केन्द्रमा पेश गर्नेछ। शत्रुजीव जोखिम विश्लेषण प्रतिवेदन पेश भएपश्चात केन्द्रले सम्बन्धित वस्तुको ALOP तयार गरि आयातका शर्तहरु निर्धारण गर्ने छ। निर्धारीत शर्त पुरा गर्न मन्जुर भएमा आयातकर्ता र कार्यालय विच फाराम ४ वमोजिमको सम्झौता हुने छ। दुबै पक्षवाट हस्ताक्षरित त्यस्तो सम्झौता आयातकर्ताले MODULE 907 को CODE 999 मा अपलोड गर्नुपर्ने छ। |
| १.३ | **सिफारीस पत्र** |
| | • बीउ बिजन आयात गर्न- बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिस<br>• आयात अनुसन्धानसँग सम्बन्धित छ भने- सम्बन्धित पक्षसँग भएको संझौता पत्र तथा नेपाल कृषि अनुसन्धान परिषदको सिफारिस<br>• अनुवांशिक श्रोत वस्तुको हकमा- Germplasm Exchange Authority Committee को सिफारीस<br>• बिरुवा पैठारीको हकमा -व्यवसायिक फर्म स्थापनाको लागि<br>सम्बन्धित निकायको सिफारिस, मन्जुरीनामा, ALOP सम्झौता तथा पोष्ट इन्ट्री सर्भिलेन्स लागु हुने हकमा डेडीकेटेड सर्भेयरको विवरण।<br>• नेपाल सरकारका निकायहरुको कार्यक्रम सञ्चालनको लागि भए सम्बन्धित कार्यालयको अनुरोध पत्र, कायक्रमको विवरण , प्राप्त गर्ने कृषकहरुको विवरण , पैठारीकर्ता तोकिएको आधिकारीक पत्र, प्रतिवद्धता पत्र , ALOP सम्झौता तथा पोष्ट इन्ट्री सर्भिलेन्स लागु हुने हकमा डेडीकेटेड सर्भेयरको विवरण। |
| | नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW)मार्फत माथि उल्लेखित वमोजिमको निवेदन प्राप्त भएमा संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा प्रवेश अनुमतिपत्र दिन उपयुक्त देखेमा अनलाइन प्रणालीद्वारा प्रवेश अनुमतिपत्र दिइने र यदि जाँचबुझ गर्दा प्रवेश अनुमतिपत्र दिन उपयुक्त नदेखेमा निवेदन गरेको सात दिनभित्र सोको जानकारी निवेदकलाई दिइनेछ।<br>जारी भएको प्रवेश अनुमतिपत्रको म्याद समाप्त हुनुअगावै (९० दिन भित्र समाप्त हुने) नाकामा कन्साइन्मेन्ट आइनपुग्ने अवस्था भएमा नविकरणको लागि जारी भएको प्रवेश अनुमतिपत्रको म्याद समाप्त हुनभन्दा ७ दिन अगाडी नै NNSW प्रणालीवाट Request for extension पठाई सम्बन्धित कार्यालयलाई खबर गरी नविकरण भएको सुनिश्चित गर्नुपर्नेछ।<br>नोट: म्याद समाप्त भएको प्रवेश अनुमतिपत्र स्वत: रद्द हुने भएकोले म्याद समाप्त भएपछि नाकामा आइपुगेको कन्साइनमेन्टको छोडपूर्जी जारी हुने छैन। |
| | **कन्साइनमेन्टको छोडपूर्जी लिने** |
| | (१) मुलुकभित्र कन्साइन्मेन्ट प्रवेश हुनुअघि NNSW प्रणाली वाट सम्बन्धित आयातकर्ताले Inspection Request गर्नुपर्नेछ। कन्साइनमेन्ट संगै आएको स्वस्थताको प्रमाणपत्र र सम्बन्धित प्रवेश अनुमतिपत्र समेत अपलोड गर्नुपर्नेछ।<br>(२) अपलोड गरिएको कागजात र जारी भएको प्रवेश अनुमतिपत्र भिडाइ जांच गर्दा सम्पुर्ण तथ्य तथ्यांक दुरुस्त भएको पाइएमा कन्साइनमेन्टको निरिक्षण गर्नुपर्नेछ।<br>(३) निरिक्षकले पेश गरेको निरिक्षण चेकलिस्ट बमोजिम छोडपुर्जी दिन उपयुक्त भएको पाइएमा कार्यालय प्रमुखले चेकलिस्ट प्रमाणित गरि NNSW प्रणालीमा अपलोड गरि छोडपुर्जी जारी गरिनेछ। पोष्ट इन्ट्री क्वारेन्टाइन आकर्षित हुने वस्तुको हकमा शर्तनामा गराइ छोडपुर्जीमा दस्तखत गरिनेछ।<br>(४) निरिक्षण पश्चात थप प्रयोगशाला परिक्षण गर्नुपर्ने देखिएमा नमुना लिइ कन्साइनमेन्ट **hold** गरिनेछ।<br>(५) प्रयोगशाला प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित कन्साइनमेन्टको उपचार गर्नुपर्ने देखिएमा इजाजत प्राप्त व्यवसायी मार्फत उपचार गर्न आदेश दिइनेछ।<br>(६) उपचार गर्न सम्भव नहुने अवस्थामा कन्साइन्मेन्ट फिर्ता गर्न आदेश दिइनेछ।<br>(७) फिर्ता गर्न सम्भव नभएमा कन्साइनमेन्ट नष्ट गर्न आदेश दिइनेछ। |